नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाई, बर्दिया**

**कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति: २०८०/११/२३

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई बर्दियाको चालु आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०** बमोजिम योग्यता पुगेका ईच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति २०८०/१२/२२ गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

| संचालन हुने कार्यक्रम को नाम | लक्षित लाभग्राही | कार्यक्रम को संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूह भित्रका कृषक, कृषि उद्यमी | बर्दिया जिल्लाभरी | १) खाद्यान्नको बीउ उत्पादन।<br>२) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात।<br>३) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण।<br>४) अदुवा, बेसार लगायतका मसला बालीको प्रशोधन तथा बजारीकरण।<br>५) प्राङ्गारिक, गडयौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण।<br>६) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन। | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप बढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

ध्रुव राज जोशी
कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, बर्दिया

| | | | | |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूह भित्रका कृषक, कृषि उद्यमी | बाँके जिल्लाभरी | १) खाद्यान्नको बीउ उत्पादन।<br>२) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात।<br>३) व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन।<br>४) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण।<br>५) मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण।<br>६) तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण।<br>७) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण। | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप बढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।)

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्ब न्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु। (अडिट रिपोर्ट)

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।

(७) सम्बन्धित स्थानिय तहको कृषि तथा पशुपन्छी शाखाको सिफारिस पत्र

नोटः अनुसुचि-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना पत्र परियोजना कार्यान्वयन एकाई, बर्दिया, जोन प्राविधिक ईकाई राजापुर, जोन प्राविधिक ईकाई बाँके वा यस कार्यालयको वेभसाईट piubardiya.pmamp.gov.np बाट प्राप्त गर्न सकिने छ।

ध्रुव राज जोशी
कृषि अधिकृत